# कुमाख गाउँपालिका

## खण्ड १) सल्यान, २०८१ साल (संख्या १)

## भाग –१

# कुमाख गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/१९ गते
प्रमाणिकरण मितिः२०८१।०४।२९ गते

## कुमाख गाउँपालिकाको संस्था दर्ता नियमावली, २०८१

**प्रस्तावनाः** सामाजिक,धार्मिक,साहित्यिक,सांस्कृतिक,बैज्ञानिक,शैक्षिक,बौद्दिक,शारीरिक,आर्थिक,व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना गर्न बान्छनीय भएकोले, कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले कुमाख गाउँपालिकाको संस्था दर्ता ऐन, २०८० को दफा १५ ले दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "कुमाख गाउँपालिकाको संस्था दर्ता नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले "कुमाख गाउँपालिकाको संस्था दर्ता नियमावली, २०८१" सम्झनुपर्छ।

(ख) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

(ग) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले कुमाख गाउँपालिका सम्झनुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कुमाख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ज) "गाउँ कार्यपालिका" भन्नाले कुमाख गाउँ कार्यपालिका सम्झनुपर्छ।

**३. दर्ताको लागि निवेदन** : ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एक हजार रुपैंया दस्तुर सहित दर्ता अधिकारी समक्ष अनुसूची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाण-पत्र** : नियम-३ बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँच गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

**५. दर्ताको अवधि,नवीकरण र दस्तुर** : (१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम(१)बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारीबाट रु.५००। (पाँच सय रुपैयाँ) दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा दर्ता अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु.१००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु.२५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक बर्षको लागि रु.५००।- को दरले दुई आर्थिक बर्षको लागि रु.१,०००।-

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्याद भित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैंयाका दरले थप जरिबाना समेत लिई दर्ता अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा दर्ता अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षका लागि एक सय रुपैंया दस्तुर लिई एकै पटक पाँच बर्ष सम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

अनुसूची–१

(नियम ३ सँग सम्बन्धित)

<u>निबेदन पत्रको ढाँचा</u>

श्री दर्ता अधिकारी ज्यू,
कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
रागेचौर, सल्यान ।

महोदय,

हामीले ...................................................................... सम्बन्धी संस्था खोल्न चाहेकोले "कुमाख गाउँपालिकाको संस्था दर्ता नियमावली, २०८१" बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं । प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै साथ संलग्न गरिएको छ ।

<u>विवरण</u>:

१. संस्थाको नाम :-

२. संस्थाको उद्देश्यहरु :-

(क)
(ख)
(ग)

३. प्रबन्ध समितिका सदस्यहरुको

| <u>नाम</u> | <u>ठेगाना</u> | <u>पेशा</u> | शैक्षिक योग्यता |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

४. आर्थिक स्रोत :-

५. कार्यालयको ठेगाना :-

मिति :-

भवदीय,

पदाधिकारीहरुको नाम:.........

अनुसूची-२
(नियम४ सँग सम्बन्धित)
दर्ता किताबको ढाँचा
संस्थाको दर्ता किताब

दर्ता नं.

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूचि ३
नियम (४) सँग सम्बन्धित
संस्था दर्ता प्रमाण पत्रको ढाँचा
कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर, सल्यान।

मितिः

संस्था दर्ता प्रमाण पत्र नं.
च.न.

**प्रमाण पत्र**

श्री अध्यक्ष/सचिव,
...................................... ।
कुमाख गाउँपालिका वडा नं......, सल्यान।

श्री ..................................................................नामक संस्था, कुमाख गाउँपालिकाको संस्था दर्ता ऐन २०८० को दफा ४ बमोजिम आज मिति........................................गते दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

दर्ता अधिकारीको
दस्तखतः
नाम थरः
दर्जाः
कार्यालयः

**नवीकरण**

| सि.न. | नवीकरण गरेको मिति | दर्ताको नविकरण वहाल रहने अवधि | नवीकरण दस्तुर | दर्ता अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले
..............................
छविलाल खड्का
नि प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०४/२९ गते